# विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ

कोशी प्रदेश, नेपाल।

**सहकारी संस्थाको एकीकरणको प्रस्तावमा सरोकार, गुनासो वा उजुरीको निवेदन आह्वान गरिएको सूचना**

मितिः २०८२/१२/०५

यस कार्यालयको नियमन क्षेत्राधिकारमा पर्ने देहायका सहकारी संस्थाहरुको तर्फबाट एकीकरण गर्न मिति २०८२/११/२९ मा दरखास्त दर्ता हुन आएको छ। सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, विराटनगर महानगरपालिकाको सहकारी ऐन, २०७५ (दोस्रो संसोधन, २०८० सहित) र विराटनगर महानगरपालिकाको सहकारी नियमावली, २०७७ का व्यवस्था, सर्वमान्य सहकारी सिद्धान्त, मूल्य-मान्यता वा आम सदस्यहरुको हित संरक्षणका दृष्टिकोणबाट प्राप्त दरखास्त बमोजिम एकीकरण स्वीकृत गर्नु नपर्नाको कुनै कारण भए वा तत्सम्बन्धमा सम्बन्धित सहकारी संस्थाका सदस्य वा सरोकारवाला कसैको कुनै सरोकार, गुनासो वा उजुरी भए यो सूचनाको मितिले पन्ध्र दिनभित्र (अर्थात् मिति २०८२/१२/१९ सम्म) कार्यालय समयभित्र यस कार्यालयको सहकारी शाखामा आइपुग्ने गरी निवेदन दिनु हुन आह्वान गरिन्छ। म्याद गुज्री प्राप्त भएको निवेदनउपर कारबाई नहुने व्यहोरासमेत जानकारी गराइन्छ।

तपसिलः

| दरखास्त दर्ता नं. र मिति | दरखास्तवाला सहकारी संस्था | दरखास्तको विषय | प्रस्तावको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|---|
| ११७८०-२०८२/११/२९ | श्री सूर्योदय बहुउद्देश्यीय स.सं.लि., विराटनगर-५, मोरङ। | एकीकरणको स्वीकृति। | श्री महिला बचत तथा ऋण स.सं. लि. र श्री सूर्योदय बहु. स.सं.लि. एकीकृत भई साविकको श्री सूर्योदय बहुउद्देश्यीय सहकारी संस्थाकै ठेगानाबाट बचत तथा ऋणको रुपमा एकीकृत संस्था संचालन गर्ने। | |
| ११७७९-२०८२/११/२९ | श्री महिला वचत तथा ऋण स.सं.लि., विराटनगर-९, मोरङ। | एकीकरणको स्वीकृति। | श्री महिला बचत तथा ऋण स.सं. लि. र श्री सूर्योदय बहु. स.सं.लि. एकीकृत भई साविकको श्री सूर्योदय बहुउद्देश्यीय सहकारी संस्थाकै ठेगानाबाट बचत तथा ऋणको रुपमा एकीकृत संस्था संचालन गर्ने। | |

.....................................

(योगेन्द्र प्रसाद दुलाल)

प्रमुख प्रशासकीय अधिकृत